"समृद्ध पुतलीबजार, सुखी नगरबासी"

# पुतलीवजार नगरपालिका स्याङ्जा

## नगरकार्यपालिकाको,कार्यालय गण्डकी प्रदेश,नेपाल

आयठेक्का बन्दोवस्तको दरभाउपत्र माग सम्बन्धी सूचना !

**प्रथम पटक प्रकाशित मिति २०७८।३। १**

यस नगरपालिकाले आगामी आ.व.२०७७८/७९ को लागि देहाएका शिर्षकहरुमा वढाबढका माध्यमबाट कर, सेवा शुल्क,दस्तुर संकलनको ठेक्का बन्दोबस्त गर्ने प्रयोजनको लागि ठेक्का प्राप्त गर्नु अघि र पछिका देहाएका शर्तहरु पालना गर्नुपर्ने गरी ईच्छुक ब्यक्ति वा फर्मबाट १५ (पन्ध्र)दिने दरभाउपत्र आव्हानको यो सूचना प्रकाशन गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

शिर्षक : सडक उपयोग शुल्क

| ठे.नं. | सडकको नाम | न्यूनतम ठेक रकम |
|---|---|---|
| १ | बाडखोला दुलेगौंडा ग्रा.स. | ८२६१००। |
| २ | प्रगतीनगर बहाकोट ग्रा.स. | १५००००। |
| ३ | स्याङ्जा पुतलीखेत आरुचौर ग्रा.स. | ४५००००। |
| ४ | प्रगतीनगर घुम्ती चिसापानी ग्रा.स. | २५००००। |
| ५ | सुम्रेखोला नुवारभञ्ज्याङ अर्जुनचौपारी ग्रा.स. | ४०००००। |
| ६ | जाडखोला पेल्काचौर ग्रा.स. | ७००००। |
| ७ | स्याङ्जा बजार-हुनीकोट ग्रा.स. | १८०००। |
| ८ | पुतलीखेत ठूलीवेसी उनियाचौर हुदै नागडांडां | १५००००। |

शिर्षक :पार्किङ शुल्क

| ठे. नं. | क्षेत्र | स्थान | न्यूनतम ठेक रकम |
|---|---|---|---|
| १ | स्याङ्जा बजार क्षेत्र | ट्याक्सीचोक, न.पा. सपिङ कम्प्लेक्स, शहीदचोक- भीमसेन स्थान, जि.प्रशासन कार्यालय अगाडि, वालमन्दिर,ठाडो लाईन, अभियानपथ, मालपोत लाईन, एफ.एम. चोक । | १५००००। |
| २ | बिष्णुपँधेरा बसपार्क क्षेत्र | बिष्णुपँधेरा बसपार्क माथि र तल । | ३००००। |
| ३ | प्रगतीनगर क्षेत्र | घुम्ती, वीरेन्द्रनगर,शिवमन्दिर चोक । | २५०००। |
| ४ | वाडखोला क्षेत्र | बाडखोला चोक र आसपास । | ३००००। |
| ५ | राङखोला क्षेत्र | राङखोला बजारक्षेत्र आसपास । | १५०००। |
| ६ | नाँगडाँडा क्षेत्र | नयाँ, पुरानो नागडाँडा । | २००००। |
| ७ | छोरेखोला भालुपहाड क्षेत्र | छोरेखोला, भालुपहाड र आसपास । | २००००। |
| ८ | सिटीहलको खाली जग्गा र भाडाको रुपमा केही कोठाहरु । | सिटीहल कम्पाउण्ड भित्रको खाली जग्गा(सेडको भाग समेत),सभाहलको वेसमेन्टका कोठाहरु ,माथिल्लो तलाको एक कोठा मात्र । | ६०३३००। |

पुरुषोत्तम शर्मा
प्रमुख प्रशासकीय अधिकृत

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा
२०७३

शिर्षक :बहाल बिटौरी कर

| ठे.नं. | क्षेत्र | न्यूनतम ठेक रकम |
|---|---|---|
| १ | पुतलीवजार नगरपालिका क्षेत्र भित्र । | ५०१००। |

शिर्षक :कवाडी कर

| ठे.नं. | कवाडी विवरण | न्यूनतम ठेक रकम | कैफियत |
|---|---|---|---|
| १ | छाला,हाड,खुर,सिङ,प्लास्टिक,वोतल,फलाम र अन्य कवाडी जन्य वस्तु । | ३२५०००। | मूल्य अभिबृद्धि कर बाहेक |

शिर्षक :बिज्ञापन कर

| ठे.नं. | क्षेत्र | न्यूनतम ठेक रकम | कैफियत |
|---|---|---|---|
| १ | पुतलीबजार नगरपालिका क्षेत्र | ३५००००। | मूल्य अभिबृद्धि कर बाहेक |

शिर्षक .चण्डिकालीका पुजा भेटी

| ठे.नं. | क्षेत्र | न्यूनतम ठेक रकम |
|---|---|---|
| १ | चण्डी र कालीका पुजा वडा नं १४ | २५००००। |

शर्तहरु :-

१) दरभाउपत्रदाताले नागरिकताको प्रतिलिपि, स्थायी लेखा नं.को परिचयपत्र सहित निवेदन दिई तोकिएको दस्तुर तिरी १५ ( पन्ध्र) दिन सम्ममा कार्यालय समय भित्र यस कार्यालयबाट रु एकहजार तिरी दरभाउपत्र फाराम खरिद गर्न सक्नेछ । कवाडी कर र बिज्ञापन करका दरभउपत्रदाताले मुल्य अभिबृद्ध कर दर्ता प्रमाणपत्र, कर चुक्ताको प्रतिलिपी समेत पेश गर्नु पर्ने छ ।

२) दरभाउपत्र साथ आफुले कवोल गरेको जम्मा अंकको ५ प्रतिशतले हुन आउने जमानत रकम यस कार्यालयको ने.बै.लि.स्याङ्जामा रहेको नं.०७२०३०००००३००००००००१ को धरौटी खातामा जम्मा गरेको सक्कलै बैक भौचर पेश गर्नु पर्नेछ

३) दरभाउपत्र १६औ (सोहौं) दिन मध्यान्ह १२ बजे भित्र यस कार्यालय दर्ता गर्नु पर्नेछ । दरभाउपत्र दाखिला गर्दा शिलबन्दी गरी कार्यालयको नाम, ठेक्का नं. र कामको नाम तथा दरभाउपत्रदाताको नाम, ठेगाना स्पष्ट रुपमा खाम वाहिर उल्लेख गर्नु पर्नेछ । दरभाउपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्बजनिक विदा परेमा उक्त कार्य तत्पश्चात कार्यालय खुलेको दिनमा हुनेछ ।

४) पेश हुन आएका दरभाउपत्र १६औ (सोहौं) दिन अपरान्ह २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । म्याद नाघी आएको, कार्यालयबाट बिक्री नभएको दरभाउपत्र फाराम भरी आएको, दरभाउपत्रदाताको हस्ताक्षर एवं सहीछाप नभएको, प्रचलित कानुनको रित नपुगेको र शर्त राखी पेश भएको दरभाउपत्र उपर कुनै क़ारवाही हुने छैन । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

५) दरभाउपत्रमा आफुले कवोल गरेको रकमलाई अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।



पुरुषोत्तम शर्मा
प्रमुख प्रशासकीय अधिकृत

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा
२०७३

६) दरभाउपत्र स्वीकृत भएका दभाउपत्रदाताले दरभाउपत्र स्वीकृत भएको सूचना प्राप्त भएको मितिले बाटोको म्याद वाहेक ७ (सात) दिन भित्र आफुले कवोल गरेको सम्पूर्ण रकम (मु.अ.कर लाग्नेमा सो समेत)यस कार्यालयको ने.बै.लि.स्याङ्गजामा रहेको नं.०७२०३०००००१००१०००००१ को आन्तरिक राजस्व खातामा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्नेछ । धरौटी वापत जम्मा भएको रकमलाई किस्तामा मिलाउन पाईने छैन । म्यादभित्र कवुलियत गर्न नआएमा कानून बमोजिम आवश्यक कारवाही गरी अर्को दरभाउपत्रदातालाई ठेक्का दिईनेछ ।

७) दरभाउपत्रदाताले नगरपालिकाले तोकेको कर/शूल्क संकलन गर्न प्रयोग गर्ने रसिद आफ्नै तर्फबाट छपाई सो रसिद यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ । उक्त रसिदमा स्थायी लेखा नं.उल्लेख गर्नु पर्नेछ साथै दररेट समेत रसिदमा नै उल्लेख गर्नु पर्नेछ र कति परिमाणमा रसिद प्रयोग भयो सो को विवरण चौमासिक रुपमा यस कार्यालयमा वुझाउनु पर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाएको उजुरी वा जानकारी आएमा नियमानुसार कारवाही हुनेछ ।

८) विगत वर्षहरुमा ठेक्का लिई रकम बुझाउन बाँकी रहेका व्यक्ति वा फर्महरुले बाँकी रकम चुक्ता नगरे सम्म र पेश्की/वेरुजु बाँकीं हुनेले फछ्र्यौट नगरेसम्म दरभाउपत्रमा भाग लिन पाउने छैनन् । त्यस्तो कर चुक्ता बाँकी रहेका पेश्की वेरुजु बाँकी रहेका व्यक्ति वा फर्मले दरभाउपत्र पेश गरेमा दरभाउपत्रलाई मुल्याङ्कनमा समावेश गरिने छैन ।

९) वन्द, हडताल, विपत्ति, वा कुनै पनि कारणले कर/शुल्क संकलन गर्न नपाएको भनी मिन्हाको माग दावी गर्न वा पाईनेछैन ।नगरपालिकामा जम्मा हुन आएको आय फिर्ता हुने छैन ।

१०) प्राप्त दरभाउपत्रहरु स्वीकृत गर्ने/नगर्ने वा आंशिक रुपले स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

११) धरौटी रकम ठेक्का अवधी समाप्त भएपछि फिर्ता दिईने र सो रकम लिनका लागि सम्बन्धित निकायमा तिर्नबुझाउन बाँकी कर/शुल्क बाँकी रकम बुझाएको प्रमाणपत्र पत्र पेश गर्नु पर्नेछ ।

१२)कवाडी कर र बिज्ञापनकरको ठेक रकममा दरभाउपत्रदाताले कवोल गरेको अंकमा मूल्य अभिवृद्धि कर समेत जोडि असुल गरिने छ ।

१३) नगरपालिकाबाट समय समयमा गरिएका निर्देशनहरुको दरभाउपत्रदाताले पालना गर्नु पर्नेछ । सूचनामा उल्लेखित शर्तहरु र नगरपालिकाबाट गरिएका निर्देशनहरु उल्लघंन गरेमा दरभाउपत्रदाताको धरौटी रकम जफत गरी ठेक्का समेत तोडी कानून बमोजिम कारवाही गर्न सकिनेछ ।

१४)दरभाउपत्रदाताले कर शुल्क संकलन गर्ने कर/शुल्कको दररेट र क्षेत्र कार्यालयले संझौतामा तोकेबमोजिम हुनेछ ।

१५) सडक उपयोग शुल्क संकलन गर्ने सडकको शुरु स्थान कार्यालयले सम्झौताका बखत तोके बमोजिम हुने छ । सो शुल्क संकलन गर्ने ठेकेदारले कृषिजन्य उत्पादन बोकेका ढुवानी/सवारीका साधनमा र बिद्यार्थी बोकेका यातायातका साधनमा शुल्क लगाउन पाउन छैन ।

१६) पार्किङ शुल्क सकलन गर्ने ठेकेदारले सरकारी तथा कुटनैतिक नियोगका सवारी साधनमा सो शुल्क संकलन गर्न पाउने छैन ।

१७) अन्य कुराहरु कार्यालयले संझौतामा तोके बमोजिम हुनेछ ।

पुरुषोत्तम शर्मा
प्रमुख प्रशासकीय अधिकृत

पुरुषोत्तम शर्मा
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ** : श्री सूचना प्रविधि शाखा, पु.व.न.का.पा.को कार्यालय (**web site** मा **upload** गर्नु हुन आनुरोध छ) ।